# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, असोज २५ गते, २०७८ साल (संख्या २५

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक अध्यादेश, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माणाधीन जयनगर-बर्दिबास रेलमार्ग अन्तर्गत कुर्था-बिजलपुरा खण्डमा Lifting Barrier Arrangement at Level Crossing Gates सम्बन्धी कार्य गर्नको लागि भारतीय निर्माण कम्पनी M/S Trishul Engicon Pvt. Ltd., Patna, Bihar ले पैठारी गर्ने स्वीकृत Additional माष्टरलिष्टमा उल्लेख भएबमोजिम भारतीय रुपैंयाँ ३१,०२,२२०.०० (एकतीस लाख दुई हजार दुई सय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बीस) मूल्य बराबरको खपत हुने सामग्रीमा लाग्ने कर तथा महसुल छुट दिने निर्णय मिति २०७८।०४।१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक अध्यादेश, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माणाधीन जोगवनी (भारत)-विराटनगर (नेपाल) रेलमार्गको कि.मी. १६+८२० देखि कि.मी. १८+६०० खण्डमा Civil works including embankment, blanketing, bridge, staff quarters, station building, service building, platform road and other structures at Biratnagar Station निर्माण सम्बन्धी कार्य गर्नको लागि भारतीय निर्माण कम्पनी M/S MRU Sewak Ram Construction Pvt. Ltd, India ले पैठारी गर्ने स्वीकृत माष्टरलिष्टमा उल्लेख भएबमोजिम भारतीय रुपैंयाँ १२,८३,८०,३८५.०० (बाह्र करोड त्रियासी लाख असी हजार तीन सय पचासी) मूल्य बराबरको खपत हुने सामग्रीमा सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७८।०४।१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक अध्यादेश, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी जापान सरकारको ऋण सहयोगमा निर्माणाधीन नागढुङ्गा सुरुङ्ग मार्ग आयोजना निर्माण कार्यका लागि आयोजनामा खपत हुने निर्माण सामग्री (दोस्रो संशोधन अनुसार) को जापानी येन २,३७,३०,३०,८६०.०० (दुई अर्ब सैंतिस करोड तीस लाख तीस हजार आठ सय साठी) र अमेरिकी डलर २७,२९,७५७.०० (सत्ताइस लाख उनान्तीस हजार सात सय सन्ताउन्न)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्य बराबरको निर्माण सामग्रीको पैठारीमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल छुट दिने गरी मिति २०७७।०७।२४ मा निर्णय गरिएकोमा स्वीकृत संशोधित माष्टरलिष्ट-३ मा उल्लेख भएबमोजिम सि.नं. १०९ र सि.नं. १३८ का मालवस्तुहरुको परिमाण थप गर्न आवश्यक भएकोले निर्माण कम्पनी M/S Hazama Ando Corporation, Kathmandu ले पैठारी गर्ने जापानी येन २,४०,९३,७२,८६०.०० (दुई अर्ब चालीस करोड त्रियानब्बे लाख बहत्तर हजार आठ सय साठी) र अमेरिकी डलर २७,२९,७५७.०० (सत्ताइस लाख उनान्तीस हजार सात सय सन्ताउन्न) मूल्य बराबरको खपत हुने सामग्रीमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा अन्य राजश्व छुट दिने निर्णय मिति २०७८।०४।३२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक अध्यादेश, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी चीन सरकारको ऋण सहायतामा सञ्चालित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना निर्माण कार्यका लागि निर्माण व्यवसायी China CAMC Engineering Co. Ltd. को नाममा पैठारी हुने Six Batch Master List मा उल्लेख भएबमोजिम अमेरिकी डलर ९८,८८३.९४ (अन्ठानब्बे हजार आठ सय त्रियासी सेन्ट चौरानब्बे) मूल्य बराबरका A3 Jeep Vehicles थान-२ मा लाग्ने राजश्व छुट दिने निर्णय मिति २०७८।०५।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकारले बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ५ बमोजिम ऋण असुली न्यायाधिकरणको कानून



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्य पदमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव श्री विष्णुप्रसाद रेग्मीलाई मिति २०७८।०६।१९ को निर्णयबाट सोही ऐनको दफा ७ बमोजिम पाँच वर्षका लागि नियुक्त गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**सहसचिव ।**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।